## निषेध आदेशको समयमा अत्यावश्यक वस्तु तथा सेवा होम डेलिभरी गर्ने सम्वन्धी मापदण्ड २०७७

**१.प्रस्तावना**

पछिल्लो समयमा उपत्यकामा कोभिड-१९ को बढ्दो संक्रमण बढिरहेको अवस्थामा कोभिड -१९ को संक्रमण रोकथाम तथा न्यूनिकरणका सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिपद्को मिति २०७७/०५/०१ गतेको आदेश तथा स्थानीय प्रशासन ऐन,२०२८ र संक्रामक रोग ऐन,२०२० को अधिकार प्रयोग गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०७७/०५/१० गते जारी निषेध आदेश कार्यान्वयन गर्ने गराउने सम्वन्धमाविभिन्न ब्यापारिक सँस्थाबाट होम डेलिभरी गर्न दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनहरु प्रयोग गरिरहेको र त्यसरी सेवा प्रदान गर्दा निषेध आदेशमा तोकिए विपरित भए गरेको भन्ने सुरक्षा निकायबाट जानकारी आएकोले जिल्ला कोभिड -१९ सङ्कट व्यवस्थापन केन्द्रको निर्णयानुसार अव उप्रान्त त्यस्ता डेलिभरी प्रणाली मार्फत सेवा दिँदा अपनाउनु पर्ने मापदण्ड तयार गर्न सहायक प्रमुख जिल्ला अधिकारी काठमाडौंको संयोजकत्वमा बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, स्वास्थ्य कार्यालय र नेपाल प्रहरीको एक एक जना अधिकृत प्रतिनिधि सहितको समिति गठन गरि यो **अत्यावश्यक बस्तु तथा सेवा होम डेलिभरी गर्ने सम्वन्धी मापदण्ड,२०७७** जारी गरिएकोछ ।

**२. अनलाइन डेलिभरी गर्दा पालना गर्नु पर्ने शर्तहरु**

क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भै नियमित नविकरण भएको हुनु पर्नेछ ।साथै सँस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्यरुपमा साथमा राखेको हुनुपर्नेछ ।

ख) अनलाइन साइटमा सवै बस्तु/सेवाको मुल्य अनिवार्य खुलेको हुनु पर्नेछ ।

ग) नेपाल सरकारले तोकेको जनस्वास्थ्य र सुरक्षाका मापदण्ड र प्रोटोकलको पालना गर्नु पर्नेछ ।

घ) सेवाग्राहीसँग कम्तिमा २ मिटरको भौतिक दुरी कायम गरेर सेवा/बस्तुको होमडेलिभरी गर्नुपर्नेछ ।

(४)

ङ) सेवा/वस्तु प्रदायकले अनिवार्यरुपमा मास्कको प्रयोग गर्ने, साबुन पानीले नियमित हात धुने वा सानिटाइजरले हात सफा गर्नुपर्नेछ ।

च) अनलाइन साइटमा वस्तु/सेवा डेलिभरी गर्ने सँस्था र व्यक्तिको नाम, सम्पर्क नम्वर स्पष्ट खुलाउनु पर्नेछ ।

छ) सेवाग्राहीको माग बमोजिमको गुणस्तर कायम नभएमा सामान फिर्ता लैजानु पर्नेछ ।

ज)होमडेलिभरी गर्दा अतिरिक्त शुल्क लाग्ने भए पहिलेनै जानकारी गराउनु पर्नेछ।

झ) अनुसूची-१ मा उल्लेखित वस्तुहरु बाहेक अन्य सामाग्री होमडेलिभरी गर्न पाइने छैन ।

ञ)

ट) बिल विजक अनिवार्य साथमा राख्नु पर्नेछ ।

ठ) दिउसो ११:०० देखी वेलुका ६:००सम्म मात्र होमडेलिभरी गर्न सकिनेछ ।

ड) डेलिभरी गर्नेले अनिवार्य रुपमा कम्पनीको लोगो र नाम सहित व्यक्तिगत सुरक्षा उपकरणहरु जस्तै मास्क फेस सिल्ड र सानिटाइजर लगाएको हुनुपर्नेछ ।

ढ) डेलिभरी गर्ने व्यक्तिको PCR रिपोर्ट नेगेटिभ भएको हुनुपर्नेछ ।

ण) होमडेलिभरी गर्ने सँस्था वा कम्पनीले अनिवार्यरुपमा डेलिभरी व्यायको नाम सम्पर्क नम्वर तथा डेलिभरी कार्यमा प्रयोग हुने सवारी साधनहरुको विवरण जिल्ला प्रशासन कार्यालय ·बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र ट्राफिक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

त) सवारी चाप तथा भिडभाड नियन्त्रण गर्नको लागि स्थानीय प्रशासनले यसरी प्राप्त भएको डेलिभरी ब्याय तथा सवारी साधनहरुको आवश्यक सँख्या निर्धारण गर्नेछ । साथै यस्ता सवारी साधनको लागि चार पाङ्ग्रे भएमा चालक सहित वढिमा २ जना र दुइ पाङ्ग्रे भएमा एक जना मात्र हुनु पर्नेछ ।

(थ) होम डेलिभरी गर्दा डेलिभरी लिने व्यक्तिको सम्पर्क नं। घर ठेगाना मोबाइल नं। ~~मोबाइल नं~~। जानकारी अनिवार्य रुपमा राख्नुपर्नेछ।"

३. होमडेलिभरी गर्न पाउने

क) फुड आइटमहरु (अनुसूची-१ मा उल्लेखित मात्र)

ख) औषधि र औषधिजन्य उत्पादनहरु एलोपेथिक होमोपेथिक र आयुर्वेदिक समेत

ग) बच्चाले प्रयोग गर्ने उत्पादन (Baby Products)

घ) मातृस्वास्थ्य स्याहारजन्य उत्पादनहरु

ङ) छालाको सुरक्षासँग सम्वन्धित उत्पादनहरु

च) कपालको सुरक्षा र उपचारसँग सम्वन्धित उत्पादनहरु

छ) ब्यक्तिगत सरसफाइ र सुरक्षासँग सम्वन्धित उत्पादनहरु जस्तै: सावुन स्याम्पु आदि ।

ज) घरपालुवा जनावरको स्याहारसँग सम्वन्धित उत्पादनहरु

झ) ब्यक्तिगत सुरक्षाका उपकरणहरु (PPE) जस्तै मास्क सानिटाइजर ग्लोभ्स आदि ।

ञ) सानिटेशन सम्वन्धी उपकरणहरु जस्तै: बाथरुम, भान्सा, कोठा सफा गर्ने, टिस्यु पेपर, मच्छर भगाउने आदि ।

ट) कृषिजन्य विउ विजन, उपकरण र औषधिहरु

ठ) होमडेलिभरी गर्न पाउने सामाग्रीहरुलाइ अनुसूचि १ मा उल्लेख गरिएकोछ ।

**४. होमडेलिभरी गर्न प्रतिवन्ध**

क) नेपाल सरकारले तोकेको निषेधित क्षेत्रमा

ख) संक्रमित क्षेत्रमा

ग) यस मापदण्डको अनुसूचि १ मा उल्लख गरिएका वाहेकका उत्पादनहरु

घ) नेपाल सरकारको सम्वन्धित निकायमा कानून बमोजिम दर्ता र नविकरण नभएका संघ सँस्थाहरु ।

**५.अनुगमन सम्वन्धी व्यवस्था**

क) स्थानीय प्रशासनले आफै वा कुनै निकाय मार्फत होमडेलिभरी गर्ने कम्पनी वा ब्यक्तिका स्टोर, भान्सा र डेलिभरी संयन्त्रको आवश्यकतानुसार नियमित र आकस्मिक अनुगमन गर्नेछ ।

ख) यो मापदण्ड र नेपालका गुणस्तर मापक निकायले तोकेको मापदण्ड र गुणस्तरमा नपाएमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ र अन्य प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

अनुसूचि-१

1. **Food Essentials**
    a. Rice And Rice Products
    b. Pulses
    c. Sugar
    d. Salt
    e. Cooking Oil
    f. Cooking Materials
    g. Vegetables
    h. Fruits
    i. Water
    j. Noodles
    k. Breakfast Cereals
    l. Biscuits And Cookies
    m. Dairy And Milk Products
    n. Egg, Meat And Fish
    o. Processed Meat
    p. FrozenFoods
    q. Wheat And Flour
    r. Grains And Spices
    s. Cereals
    t. Milk And Milk Formula
    u. Dry Fruits
    v. Tea And Coffee
    w. Soft Drinks And Nonalcoholic Beverage
    x. Fast Food Items
2. **BABY PRODUCTS**
    a. Baby Milk Formula
    b. Diapers
    c. Wipes
    d. Cereal
    e. Baby Foods
    f. Baby Grooming Products Like Bottle And Nipples

**3. Skin Care Products**

**4. Hair Care Products**

**5. PERSONAL CARE**

a. Soap
b. Face Wash
c. Detergents
d. Shampoo
e. Oral And Dental Hygiene Products
f. After Shave And Shaving Products
g. Personal Grooming Products
h. Sanitary Pad And Related Products

**6. PET CARE SUPPLIES**

a) Pet food
b) Pet hygiene care products
c) Pet medicines

**7. PERSONAL PROTECTIVE EQUIPMENT**

a. Face mask
b. Sanitizer
c. Gloves

**8. SANITATION**

a) Toilet Cleaner
b) Floor Cleaner
c) Kitchen Cleaner
d) Room Cleaner
e) Sanitary Napkins
f) Detergents
g) Disinfectant And Surface Cleaner
h) Tissue Papers
i) Mosquito Repellent

**9. AgricultureSeeds, Manure, Tools and Medicine Products**